**नेपाल सरकार**
**अर्थ मन्त्रालय,**
**<u>प्रेस विज्ञप्ती</u>**

राजस्व चुहावट नियन्त्रण उच्चस्तरीय अनुगमन समितिको बैठक समितिका संयोजक तथा मा. अर्थमन्त्री डा. युवराज खतिवडाज्यूको अध्यक्षतामा अर्थ मन्त्रालय, सिंहदरबारमा सम्पन्न भयो ।

बैठकमा अर्थ सचिव, राजस्व सचिव, गृह सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव, नेपाल प्रहरीका महानिरीक्षक, सशस्त्र प्रहरी बलका महानिरीक्षक लगायत अर्थ मन्त्रालय अन्तर्गतका आन्तरिक राजस्व र भन्सार विभागका महानिर्देशकहरु तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गतका राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभागका महानिर्देशकहरुको उपस्थिति रहेको थियो ।

अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखाका प्रमुखको राजस्व असुलीको वर्तमान अवस्था र आगामी कार्यदिशा सहितको संक्षिप्त प्रस्तुतीबाट शुरु भएको बैठकमा विभागीय प्रमुखहरुबाट आ-आफ्नो विभागको तर्फबाट राजस्व चुहावट नियन्त्रणको लागि भएका प्रयास, चुनौति र आगामी कार्यदिशाको बारेमा प्रस्तुति भएको थियो । साथै, सुरक्षा निकायका प्रमुखहरुले राजस्व चुहावटका वर्तमान प्रवृत्ति र नियन्त्रणका लागि आ-आफ्नो संगठनको तर्फबाट गरिएका प्रयासहरुको बारेमा बैठकलाई जानकारी गराउनुभएको थियो ।

उक्त बैठकमा मा. अर्थमन्त्रीबाट राजस्व चुहावट नियन्त्रणका सम्बन्धमा देहाय बमोजिम गर्न गराउन निर्देशन दिनुभयोः

- लक्ष्य अनुसारको राजस्व संकलन नभएको सम्बन्धमा राजस्व संकलनको बैकल्पिक कार्य योजना तयार गरी सम्बन्धित सबै निकायहरुको सामूहिक प्रयासबाट राजस्व संकलनको वार्षिक लक्ष्य हासिल हुने गरी कार्य सम्पन्न गर्ने,
- राजस्व चुहावट नियन्त्रणको लागि केन्द्रीयस्तरबाट समेत अनुगमन टोली बनाई कार्यस्थलको अनुगमन र भन्सार गस्ती परिचालनलाई प्रभावकारी रुपबाट संचालन गर्ने,
- राजस्व कार्यलयहरुबाट अन्य निकायहरुको समेत समन्वय र सहयोग लिई सघन रुपमा बजार अनुगमन गर्नुको साथै राजस्व जोखिमका आधारमा Online Billing प्रणालीलाई विस्तार गर्ने,
- नक्कली बिल बिजकको नियन्त्रण र राजस्व चुहावट नियन्त्रणको लागि कर परीक्षण तथा अनुसन्धानमा संलग्न निकायहरुले जोखिम विश्लेषण गरी अप्रत्यक्ष विधिहरुको समेत प्रयोग गरेर कर परीक्षण तथा अनुसन्धान गर्ने,

- राजस्व चुहावट, विदेशीमुद्रा अपचलन, हुण्डी लगायतका आर्थिक अपराधहरुको प्रभावकारी रुपमा नियन्त्रण गर्न सम्बन्धित सरोकारवाला निकायहरुको सम्लग्नतामा संयुक्त अनुसन्धान गर्ने व्यवस्था मिलाउने ।
- सीमा क्षेत्र नजिक मालबस्तु भण्डारण गर्ने नयाँ गोदाम राख्न नदिने र पुराना गोदामहरुको नियमित अनुगमन गर्ने,
- अन्य व्यक्तिका नामबाट व्यवसाय संचालन गरी कर चुहावट गर्ने प्रबृत्ति बढ्दै गएको देखिएकाले व्यवसाय तथा कम्पनी दर्ता गर्दाकै अवस्थादेखि नै प्रोप्राईटर/संचालकहरुको वास्तविकता बुझेर मात्र दर्ता गर्ने गराउने व्यवस्था गर्ने, कारोबार विस्तारको अनुपातमा राजस्वको दायरामा नआएका क्षेत्रहरु पहिचान गरी आवश्यक कारबाही गर्ने, Fake Billing, Under Billing र No Billing जस्ता विषयहरुलाई कानूनी कारवाहीको दायरामा ल्याउने,

चैत्र ३, २०७५